# कार्यकारी सारांश

- अर्थ मन्त्रालयलाई प्राप्त कार्यजिम्मेवारीलाई सम्पादन गर्ने क्रममा आ.व.२०८१/८२ मा मन्त्रालय वा अन्तर्गतबाट वर्षभरि सञ्चालन गरेका कार्यक्रम, सम्पन्न भएका क्रियाकलाप र त्यसको प्रगति तथा उपलब्धि लगायतका विषय समावेश गरी सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४१ बमोजिम यो वार्षिक प्रतिवेदन तयार गरिएको छ। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई नेपालको संविधानको धारा-५३ बमोजिमको बार्षिक प्रतिवेदन तयार गर्न सहयोग समेत पुग्ने गरी यो प्रतिवेदन तयार पारिएको छ।
- आर्थिक वर्ष २०८१/८२ मा कर राजस्व रु.१० खर्ब ४९ अर्ब ८७ करोड ५४ लाख, गैरकर राजस्व तर्फ रु.१ खर्ब २८ अर्ब ९४ करोड ४८ लाख र अन्य प्राप्ती १७ अर्ब ३६ करोड ९६ लाख गरी जम्मा रु.११ खर्ब ९६ अर्ब १८ करोड ९८ लाख राजस्व सङ्कलन भएको छ। यस अवधिको राजस्व परिचालन लक्ष्य रु.१४ खर्ब १९ अर्ब ३० करोड ३० लाखको तुलनामा ८४.२८ प्रतिशत राजस्व सङ्कलन भएको छ।
- आर्थिक वर्ष २०८१/८२ मा अनुदान रु.२३ अर्ब ५३ करोड र ऋण रु.१ खर्ब २५ अर्ब ४० करोड गरी कुल रु.१ खर्ब ४८ अर्ब ९३ करोड वैदेशिक सहायता परिचालन भएको छ। आर्थिक वर्ष २०८१/८२ को कुल वैदेशिक सहायतामध्ये अनुदान १५.८० प्रतिशत र ऋण ८४.२० प्रतिशत रहेको छ।
- घाटा बजेट परिपूर्तिको लागि आ.व.२०८१/८२ मा ३ खर्ब २९ अर्ब ९९ करोड आन्तरिक ऋण र रु.१ खर्ब २५ अर्ब ४० करोड बाह्य ऋण गरी जम्मा रु.४ खर्ब ५५ अर्ब ३९ करोड बराबरको सार्वजनिक ऋण परिचालन भएको छ।
- आर्थिक वर्ष २०८१/८२ मा कुल रु.१८ खर्ब ६० अर्ब ३० करोड बजेट विनियोजन गरिएकोमा यथार्थ खर्च रु.१५ खर्ब १२ अर्ब ९८ करोड अर्थात ८१.३३ प्रतिशत भएको छ। चालु खर्चतर्फ रु.११ खर्ब ४० अर्ब ६७ करोड विनियोजन भएकोमा ९ खर्ब ५६ अर्ब ३६ करोड अर्थात ८३.८४ प्रतिशत र पुँजिगत तर्फ रु.३ खर्ब ५२ अर्ब ३५ करोड विनियोजन भएकोमा २ खर्ब २३ अर्ब ९४ करोड अर्थात् ६३.५६ प्रतिशत र वित्तीय व्यवस्था तर्फ रु.३ खर्ब ६७ अर्ब २८ करोड विनियोजन भएकोमा रु.३ खर्ब ३२ अर्ब ६७ करोड अर्थात् ९०.५८ प्रतिशत खर्च भएको छ।
- आर्थिक वर्ष २०८१/८२ मा कुल वस्तु निर्यातमा ८१.८ प्रतिशतले वृद्धि भई रु.२ खर्ब ७७ अर्ब ३ करोड पुगेको छ भने अघिल्लो वर्ष यस्तो निर्यातमा ३.० प्रतिशतले कमी आएको थियो। त्यसैगरी कुल वस्तु आयातमा १३.३ प्रतिशतले वृद्धि भई रु.१८ खर्ब ४ अर्ब १२ करोड पुगेको छ। अघिल्लो वर्ष यस्तो आयात १.२ प्रतिशतले कमी आएको थियो।

- वस्तु आयात गरिने मुलुकका आधारमा भारत, चीन र अन्य मुलुकबाट भएको आयात क्रमशः ७.५ प्रतिशत, १४.२ प्रतिशत र ३१.७ प्रतिशतले वृद्धि भएको छ।
- आर्थिक वर्ष २०८१/८२ मा कुल वैदेशिक लगानी आप्रवाहमा ४१.८ प्रतिशतले वृद्धि भई रु.१५ अर्ब २ करोड पुगेको छ। २०८२ असार मसान्तमा विदेशी विनिमय सञ्चिति रु.२६ खर्ब ७७ अर्ब ६८ करोड पुगेको छ।
- आर्थिक वर्ष २०८१/८२ मा नेपालको आर्थिक वृद्धिदर ४.६१ प्रतिशत रहेको अनुमान छ। अघिल्लो वर्ष आर्थिक वृद्धिदर ३.६७ प्रतिशत रहेको थियो। आर्थिक वर्ष २०८१/८२ मा नेपालको अर्थतन्त्रको आकार रु.६१ खर्ब ७ अर्ब २२ करोड पुगेको अनुमान छ।
- २०८२ असार मसान्तमा स्थायी लेखा नम्बर लिने करदाताको सङ्ख्या ६९ लाख ९९ हजार पुगेको छ। २०८१ असारसम्म यस्तो सङ्ख्या ६२ लाख २६ हजार पुगेको थियो।
- केन्द्रीय विजक अनुगमन प्रणाली (Central Billing Monitoring System-CBMS) मा वार्षिक रु.२५ करोड रुपैंयाँभन्दा बढीको कारोबार गर्ने र विभागले तोकेका अन्य करदाताले अनिवार्य रुपमा यस प्रणालीमा आबद्ध हुनुपर्ने व्यवस्था अनुरुप यस अवधिमा उक्त प्रणालीको क्षमता वृद्धि गरी थप ३४०७ करदातालाई यस प्रणालीमा आबद्ध गर्ने लक्ष्य लिइएकोमा ४१११ करदातालाई प्रणालीमा आबद्ध गरिएको छ।